ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक ७
१६ असोज २०७९ आइतबार
2 Oct. 2022, Sunday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## दर्ताबिना सञ्चालित नैना हस्पिटलको लापरबाहीका कारण फेरि एक महिलाको मृत्यु




**दिपक कर्ण, जनकपुर** / केही महिना अघि हस्पिटलको लापरबाहीका कारण एक नवजात शिशुको मृत्यु भएको जनकपुरधामको रामानन्दचोकस्थित नैना हस्पिटलमा फेरी पनि लापरबाहीकै कारण एक महिलाको मृत्यु भएको परिवारले आरोप लगाएका छन् । जनकपुरधाम उपमहानगरपालिका-१२ हनुमाननगर बस्ने दिलिप मण्डलकी २८ वर्षीया श्रीमती विद्याकुमारी मण्डलको मृत्यु भएको हो ।

विद्यालाई प्रशव पीडा हुँदा परिवारजनले उपचारका लागि भदौ २३ गते नैना हस्पिटलमा ल्याएका थिए । नैना हस्पिटलमा २४ गते उनको नर्मल डेलेभरि भयो । शिशु जन्मिएपछि आमाको पाठेघरबाट अत्यधिक रक्तस्राव हुन लाग्यो । डेलेभरिपश्चात् बिरामीको पाठेघर फाटिसकेको थियो ।

उनलाई परिवारजनले रगतको व्यवस्था गरी ३१ पोका रगतसमेत चढाइयो । तर पनि उनी गम्भीर अवस्थामा रहेको भन्दै परिवारको सहमतिबिना नै चिकित्सकले उनको पाठेघर हटाइदिए । सोही क्रममा पाठेघरको नली काटियो । त्यसपछि विद्याको अवस्था झन बिग्रिदै गयो ।

मृतकका पति दिलीपले भने, 'नर्मल डिलेभरिपश्चात् यदि मेरो श्रीमतीको पाठेघरबाट अत्यधिक रक्तस्राव भईरहेको थियो भने अस्पतालले हामीलाई जानकारी दिनुपर्दथ्यो । हामी त्यति बेला नै बिरामीलाई बाहिर लगथ्यौं । तर, अचानक अवस्था जटिल बनिसकेपछि अस्पतालले हामीलाई जानकारी गरायो ।'

'डाक्टरलाई बिरामीको अवस्था ठिक छैन भने अन्यत्र रेफर गरिदिन

बाँकी पृष्ठ ३ मा

# महेन्द्र–रघुवीर : कसको पल्ला भारी?

**खबर दर्पण समाचारदाता**

**भदौ १५ गते, महेन्द्रनगर**


आगामी प्रतिनिधिसभा निर्वाचनमा धनुषाको निर्वाचन क्षेत्र नम्बर ४ मा दुई ठूला दलका पदाधिकारीबीच प्रतिस्पर्धा हुने लगभग निश्चित छ। कुनै समय प्रथम राष्ट्रपति डा.रामवरण यादवको समेत निर्वाचन क्षेत्र रहेको त्यहाँबाट नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव र नेकपा एमालेका सचिव रघुवीर महासेठ प्रतिनिधसिभा सदस्यका लागि चुनाव लड्ने तयारीमा छन्।

मंसिर ४ गते हुने निर्वाचनका लागि यादव र महासेठले तयारी थालिसकेका छन्। दुवै नेताको पार्टी कार्यकर्ता र मतदाताहरूसँगको भेटघाट पछिल्लो समय बाक्लिएको छ।

२०६४ सालमा भएको पहिलो संविधानसभा निर्वाचनमा धनुषा ४(तत्कालीन क्षेत्र नम्बर ५) मा कांग्रेसका तर्फबाट चुनाव जितेर रामवरण यादव देशकै पहिलो राष्ट्रपति बने।

त्यसको ६ महिनापछि भएको उपनिर्वाचनमा राष्ट्रपतिका छोरा डा.चन्द्रमोहन यादवलाई महासेठले पराजित गरे।

२०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा फेरि चन्द्रमोहन र महासेठ चुनावी प्रतिस्पर्धामा उत्रिए। त्यो निर्वाचनमा





चन्द्रमोहनले महासेठलाई पराजित गरे।

त्यतिबेला कांग्रेसका सहमहामन्त्री यादव समानुपातिक पद्धतीबाट संविधानसभा सदस्यमा निर्वाचित भए।

२०७४ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा क्षेत्र नम्बर ४(१) बाट चन्द्रमोहन प्रदेससभा सदस्यमा चुनाव लडे भने यादव प्रतिनिधिसभातर्फ।

उनका प्रतिस्पर्धी थिए, महासेठ। त्यो निर्वाचनमा कांग्रेसका सहमहामन्त्री यादव महासेठबाट पराजित भए।

महासेठले २२ हजार ५३२ मत ल्याउँदा महेन्द्रले १९ हजार ९९१ मत प्राप्त गरे।

त्यस्तै तत्कालीन संघीय समाजवादी फोरम (हाल जसपा) का महाजन यादवले १९ हजार ६६२ मत ल्याएर तेस्रो भएका थिए।

अघिल्लो चुनावको भन्दा यसपटक परिस्थिति फेरिएको छ। त्यतिबेला महासेठ एमाले र माओवादीका तर्फबाट वाम गठबन्धनका उम्मेदवार बनेका थिए।

यसका साथै एमाले सग्लो थियो। अहिले एमाले विभाजन भएर माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) बनिसकेको छ। माओवादी केन्द्र र एकीकृत समाजवादी पाँचदलीय गठबन्धनमा आवद्ध छ।

महासेठले त्यतिबेला पाएको मतमा माओवादी केन्द्र र एमालेका माधव नेपाल समूहको समेत 'हिस्सा' छ। चुनावसम्म पाँचदलीय गठबन्धन कायमै रहे आगामी निर्वाचनमा महासेठले माओवादी र एकीकृत समाजवादीको मत नपाउन सक्छन्।

धनुषा ४ मा एमालेबाट महासेठको नाम एकल सिफारिस भएको छ। तर, सत्ता गठबन्धनमा त्यो क्षेत्रका लागि कांग्रेस र जसपा दुवैको दाबी छ। जसपाले धनुषाको कुल ४ क्षेत्रमध्ये २, ३ र ४ का लागि दाबी गरेको हो।

यद्यपि सत्ता गठबन्धनभित्र धनुषाको सिट बाँडफाँटमा अन्तिम टुंगो लागि सकेको छैन।

**यस्तो छ स्थानीय तह निर्वाचनको मत आँकडा**

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा जनकपुरधाम उपमहानगर पालिकाको ९, १३, १४, २०, २१ र २२ सहित ५ स्थानीय तह गरी कुल ४९ वटा वडा पर्छन्।

स्थानीय तह निर्वाचनमा दलहरूले पाएको मत हेर्ने हो भने त्यो क्षेत्रमा सबैभन्दा बढी मत नेपाली कांग्रेसका वडाध्यक्षहरूले पाएका छन्।

७ वटा वडा रहेको लक्ष्मीनियाँ गाउँपालिकामा कांग्रेसको सबैभन्दा बढी ३ हजार ८८७ मत छ। त्यसपछि जसपाको ३ हजार १९७, एमालेको २ हजार ९८१, एकीकृत समाजवादीको १ हजार १८६ र लोसपाको १५२ मत छ।

त्यस्तै १० वटा वडा रहेको क्षिरेश्वरनाथ नगरपालिकामा पनि कांग्रेसकै वडाध्यक्षका उम्मेदवारहरूले बढी मत पाएका छन्।

त्यहाँ कांग्रेसको ७ हजार ४०५, एमालेको ६ हजार ८६५, एकीकृत समाजवादीको १ हजार १२३, जसपाको ३७३ र लोसपाको ५७९ मत छ।

बटेश्वर गाउँपालिकामा कांग्रेसको ३ हजार ५४२, एमालेको २ हजार ९५०, एकीकृत समाजवादीको १ हजार ३७३, जसपाको १९०, लोसपाको ५५७ र जसपाको १९० मत छ।

११ वटा वडा रहेको मिथिला नगरपालिकामा भने सबैभन्दा बढी एमालेका वडाध्यक्षका उम्मेदवारहरूले मत पाएका छन्। त्यो पालिकामा एमालेका वडाध्यक्ष पदका उम्मेदवारहरूले ७ हजार २२८ मत पाएको छ भने कांग्रेसको ६ हजार ९११ मत छ।

त्यस्तै एकीकृत समाजवादीको ४ हजार २७२, माओवादी केन्द्रको १ हजार ४३९, जसपाको ४४८ र लोसपाको २६ मत छ।

९ वटा वडा रहेको मिथिला नगर पालिकामा पनि एमालकै सबैभन्दा बढी मत छ।

त्यहाँ एमालेका वडाध्यक्षका उम्मेदवारहरूले ४ हजार ६१८, कांग्रेसको ३ हजार २३८, जसपाको ३ हजार २२०, माओवादी केन्द्रको २ हजार ६५७ र एकीकृत समाजवादीको १ हजार ६७ मत छ।

त्यो निर्वाचन क्षेत्रमा पर्ने जनकपुर धाम उपमहानगरपालिकाको ६ वटा वडामा भने कांग्रेसको सबैभन्दा बढी मत आएको छ।

ती वडाहरूमा कांग्रेसले पाएको कुल मत ४ हजार १२६ छ भने एमालेले ३ हजार ११८ मत ल्याएको छ।

त्यस्तै जसपाको १ हजार ३४९, जसपाको ७१७, माओवादी केन्द्रको ८४७ र एकीकृत समाजवादीको ३१४ मत आएको छ।

धनुषा ४ मा रहेको कुल ४९ मध्ये २४ वडा जितेको कांग्रेसले स्थानीय

बाँकी पृष्ठ ४ मा





विजयादशमी, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा आदरणीय पाठकवर्ग, विज्ञापनदाता, लेखक, वितरकसहित सम्पूर्ण शुभेच्छुकमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**खबर दर्पण परिवार**


दसैंको बिदाको कारण पत्रिकाको अर्को असोज २३ गते मात्र प्रकाशित हुने जानकारी गराईन्छ ।-सम्पादक


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षमययच को व्यवस्था ।

सम्पादकीय

## आफन्त र मान्यजनसँग भेटघाट गर्ने एउटा गतिलो माध्यम

आयुर्द्रोणसुते श्रीयो दशरथे शत्रुक्षयं राघवे!
ऐश्वर्य नहुष गतिश्च पवने मानञ्च दुर्योधने!
दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्ती सुते!
विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे!

माथिको हरफ हिन्दु नेपालीको महान् चाड बडा दशैं (विजया दशमी)को दसौं दिनबाट सुरु भई कोजाग्रत पूर्णिमाका दिनसम्म गाउँ-सहर, लेक-बेँसी, तराई-पहाड कहीँकतै रात-दिन बिनाकुनै हेक्का गुञ्जयमान हुन्छ। बडा दशैँमा आफन्त तथा मान्यजनबाट प्राप्त हुने यस प्रकारको आशीर्वादको भावनार्थ द्रोण पुत्र अश्वत्थामाको जस्तो दीर्घायु होस्, दशरथ राजाको जस्तो श्रीसम्पत्ति प्राप्त होस्, भगवान् श्रीरामको जस्तो शत्रु नाश हुन्, नहुष र ाजाको जस्तो ऐश्वर्य प्राप्त होस्, पवन पुत्र हनुमानको जस्तो गतिशीलता होस्, दुर्योधनको जस्तो मान-सम्मान होस्, सूर्य पुत्र कर्णको जस्तो दानवीरता मिलोस्, कुन्ती पुत्र युधिष्ठिरको जस्तो सत्यता हासिल होस्, विदुरको जस्तो ज्ञान प्राप्त होस् तथा नार ायण भगवान्को जस्तो कीर्ति प्राप्त होस् भन्ने हुन्छ।

पौराणिक कालदेखि नै चलिआएको परम्पराको रक्षा गर्नु आजको आवश्यकता हो। कृषिप्रधान हाम्रो मुलुकमा अन्न बाली लगाइसकेर यस बीचमा राम्रो लगाउने, मिठो मसिनो खाने तथा आफन्त र मान्यजनसँग भेटघाट गर्ने एउटा गतिलो माध्यम पनि बन्ने गर्दछ दशैं !

आश्विन शुक्ल प्रतिपदाबाट कोजाग्रत पूर्णिमासम्मको समय चक्रमा प्रतिपदाबाट क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्र घण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायिनी, कालरात्रि, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै पवित्र चण्डी पाठ गरी दुर्गा माताका साथै त्रिशक्ति माता (महाकाली, महालक्ष्मी र महासरस्वती)को विशेष पूजा आराधनापछि अन्ततः आफ्ना मान्यजनको हातबाट रातो टीका र पहेँलो जमरासहित निधार रङ्गाई आशीर्वाद लिने बाटो खोल्छ। जसलाई कतिपयले विजया दशमी त कतिपयले बडा दशैँका नामले सम्बोधन गर्ने गर्छन्।

स्वभावैले रातो रङले क्रान्ति र विजयको सङ्केत गर्ने मान्यता छ। महिषासुर राक्षसलाई बध (नष्ट) गरिएको, श्री रामले रावणमाथि विजय हासिल गरेको, दुर्गा मातालाई दैत्य-मुण्ड तथा शुम्भ-निशुम्भलाई बध गर्न सफलता प्राप्त भएको समयलाई आधार मानेर नै घटस्थापना अर्थात् जमरा राखेको दिनबाट विशेषतः दसौँ दिनमा टीका र आशीर्वाद थाप्ने गरिएको पौराणिक मान्यता पनि रहेको छ। जहाँसम्म दशैँलाई सम्बोधान गरिने प्रसङ्ग छ, एकथरीले अर्काको बध गरेर खुसियाली मनाएको पर्वलाई 'विजया' भनेर सम्बोधन गर्नुभन्दा 'बडा दशैं' नामले सम्बोधन गर्नु उचित ठान्दछन् भने कुरीति र कलङ्कित मानसिकता नष्ट गरी शान्ति र सु-संस्कृति स्थापनार्थ सफलता हासिल गरेको कार्यसँग जोडिएको हुनाले 'विजया दशमी' भन्दा अनुपयुक्त नहुने अर्कोथरीको तर्क पनि छ।

# 'झिझिया' मा झुमिरहेको मिथिला



'तोहरे भरोसे बरहम बाबा झिझिरी बनएलियै हो
बरहम बाबा झिझिरी पर होहियौ सवार ।'

यतिबेला तराइ मधेसको हरेक स्थानमा यही मैथिली लोक गीत घन्किइर हेको छ।

दसैंका बेला गाइने र बजाइने यो गीतमा सबै जना झुमिइरहेका हुन्छन्। खासगरेर दसैंमा दुर्गा पूजा हुने स्थानहरूमा साँझदेखि अबेर रातिसम्म साउण्ड बक्स र लाउडस्पिकरहरूमा यही गीत बजिरहेको हुन्छ।

दसैंको बेला मिथिलाञ्चल क्षेत्रमा बज्ने यो गीतलाई 'झिझिया' गीत भनिन्छ।

दसैं सुरू भएसँगै तराई-मधेशमा भिझिया गीत र नृत्य हरेक स्थानमा सुन्न र हेर्न सकिन्छ।

प्वाल पारिएका तीनदेखि चारवटा गाग्री, अनि त्यसभित्र बल्दै गरेको दीप। ती गाग्रीहरू टाउकोमा राखेर महिलाहरूले झिझिया गीतमा नृत्य गरिरहेको दृष्यले सबैलाई झुमाइ रहेको हुन्छ।

भिझिया नृत्यलाई तान्त्रिक नृत्यसमेत भन्ने गरिन्छ।

छैठौं सताब्दीदेखि ११ औं सताब्दीसम्मको समय तन्त्र शक्तिको रहेकाले त्यहिबेलादेखि भिझियाको प्रारम्भ भएको जनविश्वास छ।

समाजमा तन्त्र विधा हावी रहेकोबेला बोक्सीको टुनामुनाको प्रभाव बालबालिकामा परेको भन्दै त्यसलाई अन्त्य गर्न झिझिया नृत्यको सुरूवात भएको बताइन्छ।

तन्त्र शक्तिबाट बालबालिकामाथि खतरा बढ्न थालेपछि महिलाहरूले आफ्ना सन्तानलाई जोगाउन यो नृत्यको सुरूवात गरेको जनविश्वास छ। देवी उपासनाको एउटा पक्षको रुपमा लिइने यस नृत्यमा महिलाहरूबाट सुरूवात गरिएको यस नृत्यबाट तान्त्रिक शक्ति परास्त भएको विश्वास छ।

ग्रामीण क्षेत्रमा रहेको ब्रम्ह स्थान (डिहबार) पुगी मन्त्र सिद्ध गर्ने गरिन्छ भने गीत गाएर देवीको रूप श्रृंगार र ब्रम्हको वर्णन गरी खुशी पारिन्छ। दशैंमा बज्ने झिझिया गीतमा पनि देवी र ब्रम्हको वर्णन गरिएको हुन्छ। यस नृत्यमा महिलाहरु तन्त्र शक्तिबाट बँच्न घेरा हाल्ने गर्दछन् र बीचमा एक महिला प्वाल भएको गाग्रीमा बलिरहेको दीप राखेर गाग्रीलाई टाउकोमा राखेर नाच्ने गर्दछन्।

अन्य महिलाहरू गीतको माध्यमबाट बोक्सीलाई गाली गर्ने गर्दछन्।

गाग्रीमा भएको छिद्र बोक्सीले गने त्यसको मृत्यु हुने जनविश्वास रहेको छ।

यसैगरी गालीगर्दा सहन् नसकेर महिलाहरूसँग झगडा गर्ने र बोक्सीको पहिचान हुने जनविश्वास रहेको बताउँछन् प्राध्यापक परमेश्वर कापडि।

विगतमा ग्रामीण क्षेत्रमा गाइने झिझिया गीत र नृत्य अहिले लोप हुने अवस्थामो पुगेको छ।

तर ग्रामीण क्षेत्रमा लोपहुँदै गएको भिझिया नृत्य र गीतलाई सहरी क्षेत्रले जीवन्तता दिने प्रयास गरिरहेको छ।

विगतमा ग्रामीण क्षेत्रका महिलाहरू झिझिया गीतमा नृत्य गर्दै घरघर पुग्ने गर्दथे। तर, अहिले यो परम्परा लगभग लोप भइसकेको छ।

दसैंको अवसरमा दुर्गा पूजामा जुटेका जनकपुरका युवाहरुले हरेक साँझ भिझिया नृत्यको आयोजना गर्दै आइरहेका छन्।

बढ्दो आधुनिकता र त्यसको प्रभावका कारण संकटमा परिरहेको सांस्कृतिक एवं पारम्परिक धरोहरको जगेर्नाका लागि युवा पाइला अगाडि बढिर हेको छ।

वर्षौंदेखि चल्दै आइरहेको यो संस्कृतिलाई जोगाउन कतिपय स्थानमा पछिल्लो समय भिझिया नृत्य प्रतियोगिता आयोजन गरेर उत्कृष्ट समूहलाई पुरस्कृत गर्ने कार्य सुरू भएको छ। ***जनकपुर***

## दर्ताबिना सञ्चालित नैना हस्पिटलको ...

आग्रह गर्दै आएका थियौँ । तर, ती डाक्टरले उसको अवस्थामा सुधार आइसकेकोले रेफर गर्नु पर्दैन भन्दै आइरहेका थिए,' दिलीपले भने, 'तर , अचानक अवस्था बिग्रेपछि हामी २५ गते बिरामीलाई लिएर हेलिकप्टर मार्फत काठमाडौंको मेडिसिटी अस्पताल पुग्यौं ।'

मेडिसिटी अस्पतालमा २२/२३ दिनसम्म उपचार गराए पनि अन्त्यमा शनिबार बिहान त्यहाँको चिकित्सकले जनकपुरकै हस्पिटलले बिरामीको अवस्था बिगारेकोले त्यहीँ लगेर उपचार गराउन सुझाव दिएको दिलीपले बताए । शनिबार बिहान फेरि बिरामीलाई जनकपुरधाम ल्याएर नैना हस्पिटलमै भर्ना गरिएको थियो । तर, बिरामीको अन्तिम अवस्थामा पनि यस अस्पतालका चिकित्सकले उनलाई बचाउने कुनै प्रयास नगरेको दिलीपको दुःखेसो छ । उनले यहाँ आएपछि आफ्नो श्रीमतीको मृत्यु भएको बताए । मेडिसिटीमा ३२ लाख रुपैयाँ खर्च भएको उनले सुनाए । उनले आफ्नो जग्गा बन्धकी राखेर सो पैसा ऋण लिएकोसमेत दुःखेसो सुनाए ।


वडा दसैंको शुभकामना



बडा दसैंको पावन अवसरमा सम्पूर्ण देश, नगर र क्षेत्रवासीको साथै इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सम्सी गाउँपालिका वडा नं. १ का
वडा अध्यक्ष बिपिन यदुबिर यादव

वडा दसैंको शुभकामना



बडा दसैंको पावन अवसरमा सम्पूर्ण देश, नगर र क्षेत्रवासीको साथै इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भरत प्रसाद साह गृह तथा संचार
मन्त्री मधेस प्रदेश

वडा दसैंको शुभकामना



बडा दसैंको पावन अवसरमा सम्पूर्ण देश, नगर र क्षेत्रवासीको साथै इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लोहारपट्टी नगरपालिका वडा नं.२ का
वडा अध्यक्ष रामभिलन यादव


वडा दसैंको शुभकामना



बडा दसैंको पावन अवसरमा सम्पूर्ण देश, नगर र क्षेत्रवासीको साथै इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्राध्यापक सरोज कुमार यादव, श्री ने.रा.रा.
मा. वि. सुखचैना सिंहासनी विधालय

# आज बडादशैँको महासप्तमी, फूलपाती भित्र्याइँदै








**सुजल श्रेष्ठ ।** दशैं वा बडादशैं भारततिर दशहरा, विजया दशमी नवरात्र आयुध-पूजा विविध नामले चिनिने दशैं नेपालीहरूको प्रमुख चाड मानिन्छ । राष्ट्रिय चाड समेत मनिने दशैं (नवरात्र) हिन्दु धर्मवलम्बीहरूले आश्विन महिनाको शुक्ल प्रतिपदाका दिनदेखि नवमी सम्म (नवरात्रभर) शक्तिको आराधना गरी दशौं दिन विहान दशमीका दिन टीका(प्रसाद ग्रहण र विशेष रुपमा पुर्णिमा सम्म (प्रसाद ग्रहणका लागि) मनाउने गर्छन् । आश्विन शुक्ल प्रतिपदा (घटस्थापना) मा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येकदिन फरक देवीहरूको पूजा हुन्छ ।

प्रतिपदादेखि क्रमशः शैलपुत्री, ब्रह्मचारिणी,चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता,कात्यायिनी, कालरात्री,महागौरी,सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र तृशक्ती महाकाली, महालक्ष्मी र महासरस्वोतिको विशेष पूजाआजा र आराधाना गरिन्छ । विजयादशमीको दिन भगवतिले दानवी शक्तिमाथी र रामले रावनमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसादस्वरुप रातो टिका र जमरा लगाउने चलन छ । आश्विन (असोज) महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन यस पर्वको प्रमुख दिन हो ।

बताइन्छ कि भगवान् रामले यसै दिन रावणको वध गरेका थिए । यसलाई असत्य माथि सत्यको विजयको रूपमा लिईन्छ । यसकारण, यस दशमीलाई विजया दशमी भनिएको हो । वरपरका मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले यो कार्य पूणिर्मा सम्म गरिन्छ । आफ्ना नाता कुटुम्ब ठुला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमताअनुसार मिठो खाना खाने(ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्घर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ ।

दशैं वर्षका तीन अत्यन्त शुभ तिथिहरूमा पर्छन् : चैत्र (चैत) को शुक्लको एवं कार्तिक शुक्लको प्रतिपदा तिथि। यी दिनहरूमा हिन्दुहरू नयाँ कार्य सुरु गर्दछन्, शस्त्रको पूजा गर्दछन्। प्राचीन कालमा राजाहरू यस दिन विजयको प्रार्थना गरेर रण-यात्राको लागि प्रस्थान गर्दथे। यस दिन ठाउँ-ठाउँमा मेलाहरू लाग्थे। अहिले पनि भारतमा रामलीलाको आयोजन हुन्छ। रावणको विशाल पुतला बनाएर जलाईन्छ।

विजयदशमी भगवान् रामको विजयको रूपमा मनाइयोस् अथवा दुर्गा पूजाको रूपमा, दुवैमा रूपमा यो शक्ति-पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो। हर्ष एवं उल्लास तथा विजयको पर्व हो। हिन्दु संस्कृति वीर ताको पूजक अनि शौर्यको उपासक हो। व्यक्ति र समाजको रगतमा वीर ता प्रकट होस् भन्ने ध्येयले दसैंको उत्सव ९पर्व० सुरु भएको हो। दसैं पर्वले दश प्रकारका पापहरू । काम, क्रोध, लोभ, मोह मद, मत्सर, अहङ्कार, आलस्य, हिंसा र चोरी त्याग्ने (छोड्ने) प्रेरणा दिन्छ।

**महासप्तमी अर्थात फूलपाती**

नवरात्रिको सातौं दिनलाई फूलपाती, आठौं दिनलाई महाअष्टमी, नवौं दिनलाई महानवमी एवं दशौं दिनलाई विजया दशमी भनिन्छ र यी दिनहरूको महत्व अधिक रहेको पाइन्छ। नवरात्रको सप्तमीका दिन बेलपत्र, धानको गाभा, अनार, अदुवाको बोट, कच्चु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू दशैं घरमा भित्र्याउने कार्यलाई फूलपाती भित्र्याउने भनिन्छ ।

वर्षा ऋतु सिद्धिएर शरद ऋतुको स्वागतका लागि नयाँ पालुवाहरू घर मा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश (भाइरस, ब्याक्टेरि या) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहन सक्दैनन् । यस दिन सदर टुँडिखेलमा बढाइँ भएपछि फूलपातीस्वरूप केरा, दारिम, धान, हलेदो, माने, कर्चुर, बेल, अशोक र जयन्ती यी नौ प्रकारका पातहरूलाई पूजी प्रत्येकको नौका दरले दुर्गापूजा गरेको स्थानमा भित्र्याइन्छ।

यी नौ पातमा क्रमशः ब्रह्माणी, रक्तचण्डिका, लक्ष्मी, दुर्गा, चामुण्डा, कालीका, शिवा, शोकहारिणी र कार्तिकी देवीलाई एक एक गरी आवाहन गरेर सोह्र सामग्रीले पूजिन्छ। अर्को यहाँनेर यस तथ्यलाई पनि सम्झनु आवश्यक छ कि इन्द्र, शिव, विष्णु एवं श्रीरामले वृत्तासुर, त्रिपुरासुर, मधुकैटभ तथा रावण वधको लागि क्रमैसँग नवरात्र व्रत गरेका थिए। यस दिन विशेष गरेर महासरस्वती तथा पुस्तक, कापी, कलम अनि मसीदानी आदिको पनि पूजा गरिन्छ। किसानहरू यस दिन खेतमा गई चन्दन, अक्षता र फूलले धानको पूजा गरी धानका बाला र बोट घरमा भित्र्याउँछन्। साथै यसै दिन गोरखा दरबारको दशैंघरबाट ल्याइएको फूलपाती राजधानी काठमाडौंको जमलमा ल्याई परेड र बढाइँका साथ हनुमानढोका दरबारमा भित्र्याइन्छ ।

देशभरका विभिन्न शक्तिपीठ र दशैं घरमा शास्त्रीय विधि अनुसार फूलपाति भित्र्याईदैछ। घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजाआजा गरिएको दसैँघर अथवा पूजाकोठामा शुभसाइतको प्रतीकका रूपमा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारि म, जयन्ती, अशोकको फूल र अन्य नयाँ पालुवासमेत फूलपातीका रुपमा भित्राउने गरिन्छ ।

**सभ्य तरिकाले बडादशैं मनाऔं**

# मधेसमा बज्न छोड्यो दसैं सुरु हुनासाथ गाउँ बस्तीमा बज्ने ढोल (नगारा)

**अजयकुमार साह**

**भदौ १५ गते, महेन्द्रनगर**



मिथिला क्षेत्रमा बोलीचालीमा 'दशहरा' भनिने वडादसैं पर्वका पुराना लोकपरम्परा हराउँदै गएका छन्।

दसैं सुरु हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल (नगारा) बज्न छाडेपछि राष्ट्रिय महत्वको यो पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएका हुन्।

'गाम घरमें आब न ढोल बजैय' (गाउँघरमा अब ढोल बज्न छोडेछ) धनुषाको क्षीरेश्वरनाथ नगर पालिका-५ महेन्द्रनगरकी ७६ वर्षीया गीता देवी झा भन्छिन्, 'दशहारा पावैन आयल बुझाइए न रहल अइ' (दसैं पर्व लागेजस्तो नै बुझिन्न)। दसैं सुरु भएको पाँच दिन भइसक्दासम्म बस्तीमा ढोल बजेको सुन्न नपाइएको झाको भनाइ छ।

जनकपुरधाम सहित मिथिलाञ्चलमा नवरात्र सुरु भएसँगै बस्तीमा 'दसैं के ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल बज्न छाडिएपछि गीता देवीजस्तै यस भेगका सर्वसाधारणले चिन्ता व्यक्त गरेका छन्।

'बौवा, पुरान परम्परा सब हेराय लागल, चिन्ता लगैय जे आब हमर कि पहिचान रहत ?' (बाबु, पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब हाम्रो के पहिचान रहला ?) धनुषा कै क्षीरेश्वरनाथ नगरपालिकाका पूर्व शिक्षक ७२ वर्षीय लालबाबु झाले भने ।

घटस्थापना कै दिन बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै 'दसैं के ढोल' भनेर कराउँदै हिँड्दा स-साना नानी उनका अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्यकथाजस्तै भएको बुढापाकाहरु बताउँछन् ।

गाउँनगर बस्तीका पाका चमार जातिका अगुवा बुढ्याँइले हिँडडुल गर्न छोडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैंको ढोल बज्न छाडेको हो। 'कि करु हजुर, जवतक शरीर साथ देलक तबतक ढोल बजैली, आब बेटा/पोता ढोल बजाव नइ चाहैय है, कि करु ?' (के गरौं हजुर, जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाँहदैनन्, के गरौं ?) क्षीरेश्वरनाथ-७ हरिहरपुर चमारटोलका ७५ वर्षीय चमार समुदायका अगुवा भरोसी महरा चमारले भने ।

दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अरब, कतार, मलेसीया जस्ता खाडी मुलुक जान थालेपछि पुर्ख्यौली रितिथिति र पेशा थाम्न छाडेको कुरा ओझलिएको चमार जातिका पाका उमेरका अगुवाहरु बताउँछन् ।

मैथिलीका साहित्यकार तथा वरिष्ठ पत्रकार रामभरोस कापडीले लोकसंस्कृतिको अभिन्न अंग मानिने यस्ता परम्परा अब लोप हुने अवस्थामा पुगेको बताउँदै उनले भने, 'पुरानो यो लोकसंस्कृति कायम राख्न अब यसलाई समयअनुसार परिष्कृत गर्दै अघि बढ्नुपर्ने आवश्यक्ता छ । यो अभिभारा अब नयाँ पुस्ताले उठाउनुपर्ने र स्थानीय सरकारले यसको संरक्षण सम्बर्द्धनमा लाग्नु पर्ने आवश्यक्ता छ।'

# महेन्द्र-रघुवीर : कसको ...

तह निर्वाचनमा सबैभन्दा बढी २९ हजार १०९ मत ल्याउँदा एमालेले २७ हजार ७६० मत पाएको छ।त्यो क्षेत्रमा एमालेले १२ वटा वडा जितेको छ।

त्यस्तै ५ वटा वडा जितेको जसपाले त्यो निर्वाचन क्षेत्रमा ८ हजार ७७७ मत ल्याएको छ।

एउटा वडा जितेको लोसपाका वडाध्यक्ष पदका उम्मेदवारहरूले २ हजार १४० मत प्राप्त गरेका छन्।

त्यस्तै ३-३ वटा वडा जितेको माओवादी र एकीकृत समाजवादीको क्रमशः ५ हजार ७५४ र ९ हजार ३३५ मत छ।महेन्द्र र रघुवीर दुवैलाई छ चुनौती

स्थानीय तह निर्वाचनमा वडाध्यक्षका उम्मेदवारहरूले पाएको मतलाई हेर्ने हो भने कांग्रेसको मत सबैभन्दा बढी छ।

त्यही मतलाई आधार बनाएर पाँचदलीय गठबन्धनभित्र कांग्रेसले त्यो क्षेत्रमा आफ्नो दावेदारीलाई स्वभाविक भनिरहेको छ।

वैशाख ३० मा सम्पन्न स्थानीय तह निर्वाचनमा वडाध्यक्षका उम्मेदवारहरूले पाएको मतलाई आधार मान्ने हो भने त्यो क्षेत्रमा कांग्रेसले जित निकाल्ने सम्भावना बढी देखिन्छ।

तर, चुनावकै मुखमा कांग्रेस धनुषाका पूर्वउपसभापति एवं १४ महाधिवेशनमा जिल्ला सभापतिमा उम्मेदवारी दिएका सन्तोष यादव एमाले प्रवेश गरिसकेका छन्।

प्रदेससभातर्फ टिकट पाउने आकांक्षा राखेका उनको नाम सिफारिस नभएपछि रूष्ट बनेका सन्तोष केही दिनअघि एमाले प्रवेश गरेका हुन्।

१४ औं महाधिवेशनमा सभापतिमा उम्मेदवारी दिएका उनलाई सहमहामन्त्री महेन्द्रले सहयोग गरेका थिए।

सन्तोष एमाले प्रवेश गरेपछि सहमहान्त्री महेन्द्रलाई उनको पकडमा रहेका मतलाई व्यवस्थापन गर्ने चुनौती छ।

यद्यपि पूर्वसभापति सन्तोष एमाले प्रवेश गर्दैमा निर्वाचनमा साह्रै असर नपर्ने दावी त्यसका कांग्रेस कार्यकर्ताहरूका छ।

'लोकतन्त्रमा आफ्नो चाहनाअनुसार दल रोज्न सबै स्वतन्त्र छन्, विद्यार्थीकालदेखि कांग्रेसको राजनीति गरेका उनी एमालेमा जानु दुःखद हो,' त्यस क्षेत्रका एक नेता भन्छन्,'तर एमालेमा जादैमा उहाँसँग भएका सबै कांग्रेसको सबै मत उतै जाने भन्ने हुँदैन।'

अर्कोतर्फ अघिल्लोपटक वाम गठबन्धनका तर्फबाट चुनाव लडेका रघुवीरले माओवादीको साथ पाउने छैनन्।

त्यस्तै एमालेबाट छुट्टिएर अलग भइसकेको एकीकृत समाजवादीको मत उनले पाउने सम्भावना न्यून छ।

गत स्थानीय तह निर्वाचनको मत नतिजालाई हेर्ने हो भने पाँचदलीय गठबन्धन एक ढिक्का रहँदा गठबन्धनकै उम्मेदवारले जित निकाल्ने अधिक सम्भावना त्यो क्षेत्रमा देखिन्छ।

# गठबन्धनबाट बाहिरिने जसपाको संकेत

खबर दर्पण समाचारदाता

**भदौ १५ गते, काठमाडौं**

जनता समाजवादी पार्टी (जसपा) ले पाँचदलीय गठबन्धनबाट बाहिरिने संकेत गरेको छ।

सिट बाँडफाँटमा सन्तोषजनक अवस्था नदेखेपछि गठबन्धनबाट बाहिरिने संकेत जसपाले गरेको हो। शनिबार बसेको जसपा कार्यकारिणी समितिको बैठकले आगामी निर्वाचनमा सत्ता गठबन्धनबाहेकका दलसँग समेत तालमेलका लागि विकल्प खुला राख्ने निर्णय गरेको छ।



''संघीय संसद र प्रदेससभा सदस्यको निर्वाचनमा सिटको तालमेलका लागि भइरहेको सिट बाँडफाँटसम्बन्धी छलफलमा हाम्रो पार्टीका लागि सन्तोषजनक अवस्था नदेखिएको हुँदा यसका अतिरिक्त सम्भव भएसम्म विकल्पको रूपमा अन्य राजनीतिक दलहरूसँग पनि निर्वाचनमा सिटको तालमेल गर्न सकिनेछ,' बैठकपछि जसपा प्रवक्ता मनिष सुमनले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

अन्य दलसँग पनि तालमेल नभएको अवस्थामा निर्वाचनमा एक्लै भाग लिने निर्णय गरेको सुमनले बताएका छन्।

प्रवक्ता सुमनले सत्ता गठबन्धनभित्रै सिटको बाँडफाँटमा सहमति जुटाउने आफूहरूको पहिलो प्राथमिकता रहेको आयोमेलसँग भने।

'गठबन्धनभित्रै सिटको बाँडफाँट टुंग्याउने हाम्रो पहिलो प्राथमिकता हो,' उनले भने,'सहमति जुट्न नसकेको खण्डमा अन्य दलसँग तालमेलका लागि प्रयास हुन्छ। त्यो पनि सम्भव नभए चुनावमा एक्लै जानेछौं।'

सत्ता गठबन्धनभित्र मधेस प्रदेशको सिट बाँडफाँटका लागि रस्साकस्सी चलिरहेको छ। मधेस प्रदेसका कतिपय जिल्लामा एउटै सिटका लागि गठबन्धनका घटक दलहरूको दोहोरो तेहरो दाबी परेको छ।

धनुषाको निर्वाचन क्षेत्र नम्बर २, ३ र ४ कांग्रेसले नछाड्ने अडान राखेको छ भने त्यसमा जसपाको पनि दाबी छ। त्यस्तै धनुषाको क्षेत्र नम्बर २ मै नेकपा(एकीकृत समाजवादी) ले पनि दाबी गरिरहेको छ। धनुषाजस्तै मधेस प्रदेसका अरू जिल्लाहरूमा पनि एउटै सिटमा सत्ता घटकका एकभन्दा बढी दलको दाबी छ।

# जीवन उपयोगी शिक्षा आवश्यक छ : मेयर साह

खबर दर्पण समाचारदाता

**भदौ १५ गते, जनकपुर**

जनकपुर उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले स्वदेशमै वस्तु उत्पादन गरी बिक्रिवितरण गर्ने वातावरणको निर्माणका लागि युवामा जीवन उपयोगी सीप र वित्तीय शिक्षाहुनु आवश्यक भएको बताउनुभएको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रको समन्वय तथा लाइफ नेपालको आयोजनामा १४ वर्षदेखि १९ वर्ष उमेरका युवाका लागि लैङ्गिकता, जीवनोपयोगी सीप र वित्तीय शिक्षासम्बन्धी चार दिने साथी सहजकर्ता तालिमको समापन समारोहलाई शनिबार सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभयो ।

प्रत्येक मान्छेको जिवनमा जीवनोपयोगी सीपको आवश्यकता रहेको भन्दै तालिमबाट सिकेका सिकाइलाई आफनो जिवनमा उपयोग गर्न उहाँले तालिममा सहभागी भएका किशोर किशोरीलाई आग्रह गर्नुभयो ।

लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले प्रतिनिधिमुलक रुपमा तालिममा सहभागी भएका जनकपुर धामका विभिन्न विद्यालयका विद्यार्थीले तालिम पश्चात लैङ्गिकता, जीवनोपयोगी सीप र वित्तीय शिक्षासम्बन्धी तयार पारिएको पाठयक्रमबारे आफनो विद्यालयमा कक्षा लिएर अरु विद्यार्थीलाई जानकारी गराउने बताउनुभयो ।

मधेश प्रदेशको राजधानी जनकपुर धाममा चार दिनसम्म सञ्चालन भएको तालिममा जनकपुरधाम उपमानगरपालिकाका नौ वटा समुदायिक विद्यालयका ४५ जना विद्यार्थीको सहभागिता रहेको थियो । तालिममा प्रशिक्षकको रुपमा समुन्नत नेपालका पवन अधिकारी रहनुभएको छ । लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा जनकपुर धाम उपमहानगरपालिका शिक्षा महाशाखाका प्रमुख मिहिलाल यादवको पनि सहभागिता थियो ।

# एमाले र माओवादीका कार्यकर्ताबीच झडप

**सर्लाही** / सर्लाहीमा नेकपा एमाले र माओवादी केन्द्रका कार्यकर्ताबीच झडप भएको छ । जिल्लाको हरिवनमा शनिबार दिउँसो झडप हुँदा ३ जना घाइते भएका छन् ।

घाइते तीनै जनाको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ । ३ जना घाइतेमध्ये घाइते शेष बच्चु काठमाडौं र अर्का घाइते शेष इस्तियारलाई वीरगञ्ज पठाइएको छ ।

हरिवन नगरपालिका–११, स्थित पाडा बजारमा भएको झडप नियन्त्रण गर्न प्रहरीले दुई सेल अश्रुग्याँस प्रहार गरेको छ । अश्रुग्याँस प्रहार गरेपछि भीड तित्तरबित्तर भई स्थिति सामान्य बनिसकेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ । प्रहरीले दिउँसो भएको झडपको घटनामा संलग्न एक जनालाई नियन्त्रणमा लिएको छ । बजारमा कौडी उठाउने विषयलाई एमाले र माओवादीका कार्यकर्ताले राजनीतिक 'इसु' बनाइरहेका छन् ।


## वडा दसैंको शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण देश, नगर र क्षेत्रवासीको साथै इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**मा. गिरिराजमणि पोखरेल**
प्रतिनिधि सभा सदस्य महोत्तरी क्षेन नं. १
तथा
**उपमहासचिव नेकपा (माओवादी केन्द्र)**
**पूर्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री**

## वडा दसैंको शुभकामना

बडा दसैं, दिपावली तथा छठपर्वको पावन अवसरमा सम्पूर्ण देश, नगर र क्षेत्रवासीको साथै इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**बेचन यादव**
प्रहरी निरिक्षक तथा
**इलाका प्रहरी कार्यालय महेन्द्रनगर,**
**धनुषा परिवार**

## वडा दसैंको शुभकामना

बडा दसैंको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**रवि रावल**
डिएसपी तथा प्रमुख
**इलाका प्रहरी कार्यालय वर्दिवास**
**महोत्तरी**




## वडा दसैंको शुभकामना

बडा दसैंको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**उदय सिंह सिजापति**
इन्स्पेक्टर तथा प्रमुख
**जिल्ला ट्राफिक कार्यालय**
**महोत्तरी, वर्दिवास**

## वडा दसैंको शुभकामना

बडा दसैंको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग, बचतकर्ता, शेयरधनी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




शाखा कार्यालय महेन्द्रनगर, धनुषा


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा